केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/पूर्वाधार/०६/०८२/८३

मिति : २०८३/०३/०४

**इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंक,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

२०८३/०३/०४
(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।

## यस बैंकबाट इजाजतपत्रप्राप्त पूर्वाधार विकास बैंकलाई जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन/परिमार्जन/थप

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | निर्देशन नं. ६ मा बुँदा नं. ११ थप गरी क्रमसंख्या मिलान गरिएको । | हाल नरहेको । | **११. विवरण सम्बन्धमा**<br>(क) इजाजतपत्रप्राप्त संस्थाले संचालक, प्रमुख कार्यकारी अधिकृत एवं उच्च व्यवस्थापकीय तहमा नियुक्ति वा मनोनयन गर्दा देहायबमोजिमको विवरण लिनुपर्नेछ । यस प्रकारको विवरण यस बैंकसमक्ष समेत पेश गर्नुपर्नेछ ।<br>(१) सम्बन्धित व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिमको मापदण्ड पालना गरेको स्वघोषणा,<br>(२) सम्बन्धित व्यक्तिको पारिवारिक विवरण,<br>(३) नेपाल वा विदेशमा कुनै कसूरमा संलग्न भए वा नभएको स्वघोषणा । यदि संलग्न भएको भए सोको विस्तृत विवरण र वर्तमान अवस्था,<br>(४) कुनै प्रकारको मुद्दा मामिला, अनुसन्धान, वैकल्पिक विवाद समाधानको प्रक्रिया वा न्यायिक वा प्रशासनिक कारबाहीको प्रक्रियामा रहे वा नरहेको स्वघोषणा । यदि भएको भए सोको विवरण,<br>(५) अदालत वा अधिकारप्राप्त अधिकारीको फैसला वा आदेशबमोजिम तिर्नु, बुझाउनु पर्ने राजस्व, सरकारी बाँकी बक्यौता रहे वा नरहेको स्वघोषणा,<br>(६) स्वदेश वा विदेशमा कर्जा सम्बन्धी कालोसूची वा त्यस्तै प्रकारको सूचीमा परे वा नपरेको स्वघोषणा,<br>(७) स्वार्थको द्वन्द्व हुन सक्ने अवस्था विद्यमान रहे वा नरहेको विवरण,<br>(८) नेपाली नागरिक भए निजको नेपाल बाहिर कुनै सम्पत्ति रहे वा नरहेको वा कुनै सम्पत्तिमा वास्तविक धनी वा हिताधिकारी भए वा नभएको स्वघोषणा, |

| | | | |
|---|---|---|---|
| | | | (९) विगतमा संलग्न भएको कार्य, संस्था, प्राप्त भएको जिम्मेवारी, पुरस्कार, सजायको अवस्था, कार्य सफलताको उदाहरण लगायतका विषय खुल्ने सम्बन्धित क्षेत्रको कार्य अनुभव सम्बन्धी विवरण,<br>(१०) वित्तीय आचरण (फाइनान्सियल साउन्डनेस) सम्बन्धी विवरण ।<br><br>(ख) यो निर्देशन जारी हुँदाका बखत बहालमा रहेका संचालक, प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापन तहको पदाधिकारीको हकमा उपर्युक्त खण्ड (क) बमोजिमको विवरण लिई यस बैंकसमक्ष पेश गर्नुपर्नेछ ।<br><br>(ग) खण्ड (क) बमोजिमका विवरण परिवर्तन भएमा समेत अद्यावधिक विवरण लिई यस बैंकसमक्ष पेश गर्नुपर्नेछ । |
| २. | निर्देशन नं. १० मा बुँदा नं. ४ थप गरी क्रमसंख्या मिलान गरिएको । | हाल नरहेको । | ४. विवरण सम्बन्धमा<br><br>(क) एक पटक वा पटक पटक गरी चुक्ता पूँजीको कुल पाँच प्रतिशत वा कुल रु. पच्चिस लाखभन्दा बढी कायम हुने गरी संस्थापक शेयर खरिद वा नामसारी गर्दा सोको वास्तविक धनी वा हिताधिकारी व्यक्तिको देहायबमोजिमको विवरण लिनुपर्नेछ । यस प्रकारको विवरण यस बैंकसमक्ष समेत पेश गर्नुपर्नेछ ।<br><br>(१) सम्बन्धित व्यवसाय सम्बन्धी प्रचलित कानून बमोजिमको मापदण्ड पालना गरेको स्वघोषणा,<br>(२) सम्बन्धित व्यक्तिको नाम, थर, ठेगाना, पारिवारिक विवरण, वास्तविक धनी तथा हिताधिकारीको विवरण ।<br>(३) नेपाल वा विदेशमा कुनै कसूरमा संलग्न भए वा नभएको स्वघोषणा । यदि संलग्न भएको भए सोको विस्तृत विवरण र वर्तमान अवस्था,<br>(४) कुनै प्रकारको मुद्दा मामिला, अनुसन्धान, वैकल्पिक विवाद समाधानको प्रक्रिया वा न्यायिक वा प्रशासनिक कारबाहीको प्रक्रियामा रहे वा नरहेको स्वघोषणा । यदि भएको भए सोको विवरण, |

| | | | |
|---|---|---|---|
| | | | (५) अदालत वा अधिकारप्राप्त अधिकारीको फैसला वा आदेशबमोजिम तिर्नु, बुझाउनु पर्ने राजस्व, सरकारी बाँकी बक्यौता रहे वा नरहेको स्वघोषणा,<br>(६) स्वदेश वा विदेशमा कर्जा सम्बन्धी कालोसूची वा त्यस्तै प्रकारको सूचीमा परे वा नपरेको स्वघोषणा,<br>(७) स्वार्थको द्वन्द्व हुनसक्ने अवस्था विद्यमान रहे वा नरहेको विवरण,<br>(८) नेपाली नागरिक भए निजको नेपाल बाहिर कुनै सम्पत्ति रहे वा नरहेको वा कुनै सम्पत्तिमा वास्तविक धनी वा हिताधिकारी भए वा नभएको स्वघोषणा,<br>(९) विगतमा संलग्न भएको कार्य, संस्था, प्राप्त भएको जिम्मेवारी, पुरस्कार, सजायको अवस्था, कार्य सफलताको उदाहरण लगायतका विषय खुल्ने सम्बन्धित क्षेत्रको कार्य अनुभव सम्बन्धी विवरण,<br>(१०) वित्तीय आचरण (फाइनान्सियल साउन्डनेस) सम्बन्धी विवरण ।<br><br>(ख) शेयरधनी संस्था भएको खण्डमा सो लगानीकर्ता संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा एकल, संयुक्त वा समूहगत गरी १५ प्रतिशत वा सोभन्दा बढी सेयर वा पुँजी लगानी गरेको वास्तविक धनी वा हिताधिकारीको समेत खण्ड (क) बमोजिमका विवरण लिनुपर्नेछ ।<br><br>(ग) यो निर्देशन जारी हुँदाका बखत कुल पाँच प्रतिशत वा कुल रु. पच्चिस लाखभन्दा बढीको शेयर धारण गरेका तथा खण्ड (ख) बमोजिमका वास्तविक धनी वा हिताधिकारीको हकमा समेत खण्ड (क) बमोजिमका विवरण लिई यस बैंकसमक्ष पेश गर्नुपर्नेछ ।<br><br>(घ) खण्ड (क) बमोजिमका विवरण परिवर्तन भएमा समेत अद्यावधिक विवरण लिई यस बैंकसमक्ष पेश गर्नुपर्नेछ । |